नगर कार्यपालिकाबाट पारित मिति : २०७४।०९।१८
प्रमाणीकरण मिति :२०७४।०९।१८
राजपत्रमा प्रकाशित मिति :२०७४।१२।०५

# नलगाड राजपत्र

नलगाड नगरपालिकाद्वारा प्रकाशित

खण्ड १) दल्ली, जाजरकोट चैत्र ०५ गते, २०७४ (संख्या १)

## भाग ४

## नलगाड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानको धारा २१४ को उपधारा (१) वमोजिमको नलगाड नगरपालिका नगर कार्यपालिकाले वनाएको उल्लेखित वमोजिमको निर्देशिका स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा सम्वन्धी निर्देशिका, २०७४

संम्वत् २०७४ सालको निर्देशिका नं १

नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी मिति २०७४।०९।१८ को नलगाड नगरपालिका नगर कार्यपालिकाको वैठकबाट नलगाड नगरपालिकाको पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा सम्वन्धी निर्देशिका, २०७४ स्वीकृत भई जारी गरिएको छ ।

## पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा सम्वन्धी निर्देशिका, २०७४

**प्रस्तावना** : नगरपालिकाको दैनिक कामकाज, वैठक तथा नगरपालिका वा वडा कार्यालयमा खटिने वा खटाईने पदाधिकारीहरु एवं कर्मचारीको सेवा सुविधा निर्धारण गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधान, २०७२ को धारा २२७ अनुसार प्रदेश कानुन वनेमा सोही वमोजिम हुने गरी सो कानुन नवनेसम्मको लागि त्रिवेणी नलगाड नगरपालिकाको नगर कार्यपालिकावाट पारित गरि यो निर्देशिका वनाईएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "त्रिवेणी नलगाड नगरपालिका पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा सम्वन्धी निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका नगर कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानुनमा,

(क) "पदाधिकारी" भन्नाले नगर प्रमुख, उप प्रमुख, वडा अध्यक्ष, वडा सदस्य र नगर कार्यपालिकाको सदस्यलाई जनाउँदछ ।

(ख) "नगरपालिका" भन्नाले त्रिवेणी नलगाड नगरपालिकालाई जनाउँदछ ।

(ग) "नगरपालिका कार्यालय" भन्नाले त्रिवेणी नलगाड नगरपालिकाको कार्यालयलाई जनाउँदछ ।

(घ) "वडा कार्यालय" भन्नाले त्रिवेणी नलगाड नगरपालिका अर्न्तगत रहेका वडा कार्यालयहरुलाई जनाउँदछ ।

(ङ) "नगरसभा" भन्नाले त्रिवेणी नलगाड नगरपालिकाको नगरसभालाई जनाउँदछ ।

(च) "नगर कार्यपालिका" भन्नाले त्रिवेणी नलगाड नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँदछ ।

(छ) "न्यायिक समिति" भन्नाले त्रिवेणी नलगाड नगरपालिकाको न्यायिक समितिलाई जनाउँदछ ।

(ज) "वडा समिति" भन्नाले त्रिवेणी नलगाड नगरपालिका अर्न्तगतका वडा समितिलाई जनाउँदछ ।

(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले त्रिवेणी नलगाड नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ र सो शव्दले कायम मुकायम प्रमुख प्रशासकिय अधिकृत र निमित्त प्रमुख प्रशासकिय अधिकृत समेतलाई जनाउँदछ ।

(ञ) "कर्मचारी" भन्नाले त्रिवेणी नलगाड नगरपालिका अन्तरगतका नगर कार्यपालिकाको कार्यालय, शाखा, उपशाखा तथा विभिन्न कार्यालयहरु, सेवा केन्द्र, वडा कार्यालयहरुमा कार्यरत स्थायी, अस्थायी, करार तथा ज्यालादारी कर्मचारी सम्झनुपर्दछ ।

## परिच्छेद-२

## वैठक तथा सेवा सुविधा

३. **नगर सभाको वैठक भत्ता सम्वन्धी व्यवस्था :** (क) नगर सभामा उपस्थित पदाधिकारीहरुले प्रत्येक नगर सभा वैठकमा प्रति वैठक रु. १००० (एक हजार) का दरले वैठक भत्ता पाउने छन । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ । यसमा नगर सभाको सचिवको भूमिका निर्वाह गर्ने प्रमुख प्रशासकीय अधिकृत समेत समावेश हुनेछन् । पदाधिकारी तथा कर्मचारीलाई वैठकमा आमन्त्रित गरिएमा १५ प्रतिशत कर सहित रु. १००० (एक हजार) वैठक भत्ता उपलव्ध गराईने छ ।

(ख) नगर सभामा सहभागी पदाधिकारीहरुले बाटो खर्च वापत प्रत्येकले एकमुष्ट प्रति वैठक रु. २०० (दुईसय) पाउने छन् ।

तर यातायात सञ्चालन हुने क्षेत्रमा स्थायी घर भई नगर सभाको वैठकमा सहभागी हुन २ घन्टा भन्दा बढी समय यातायात साधनको प्रयोग गरि नगर सभाको वैठकमा सहभागी हुने र ६ कोस देखि टाढाको दुरिबाट पैदल आउने पदाधिकारीहरुलाई थप रु. ५०० (पाँचसय) आतेजाते खर्च दिईनेछ ।

(ग) नगर सभा सदस्य वाहेक नगर सभा वैठक संचालनमा सहयोग पुर्‍याउने ५ जना कर्मचारीले समेत रु. १००० (एक हजार) का दरले १५ प्रतिशत कर कट्टी गरि भत्ता प्राप्त गर्नेछन ।

तर सुरक्षाकर्मीको व्यवस्था गरिएको भए ३ जनासम्म सुरक्षा कर्मीले दैनिक रु. ५०० (पाँचसय) का दरले खाना र खाजा खर्च पाउने छन ।

४. **नगर कार्यपालिकाको वैठक भत्ता सम्वन्धी व्यवस्था :** (क) नगर कार्यपालिकाको वैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक नगर कार्यपालिकाको वैठकमा प्रति वैठक रु. १००० (एक हजार) का दरले वैठक भत्ता पाउने छन । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ । यसमा नगर कार्यपालिकाको वैठकमा



नगरपालिका नलगाड नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
६ नं. प्रदेश, नेपाल
२०७३

सचिवको भूमिका निर्वाह गर्ने प्रमुख प्रशासकीय अधिकृत समेत समावेश हुनेछन् । पदाधिकारी तथा कर्मचारीलाई वैठकमा आमन्त्रित गरिएमा १५ प्रतिशत कर सहित रु. १००० (एक हजार) वैठक भत्ता उपलव्ध गराईने छ ।

(ख) नगर कार्यपालिकाको वैठकमा सहभागी पदाधिकारीहरुले वाटो खर्च वापत प्रत्येकले एकमुष्ट प्रति वैठक रु. २०० (दुईसय) पाउने छन् ।

तर यातायात सञ्चालन हुने क्षेत्रमा स्थायी घर भई नगर कार्यपालिकाको वैठकमा सहभागी हुन २ घन्टा भन्दा वढी समय यातायात साधनको प्रयोग गरि नगर कार्यपालिकाको वैठकमा सहभागी हुने र ६ कोस देखि टाढाको दुरिवाट पैदल आउने पदाधिकारीहरुलाई थप रु. ५०० (पाँचसय) आतेजाते खर्च दिईनेछ ।

(ग) नगर कार्यपालिकाको सदस्य बाहेक वैठक संचालनमा सहयोग पुर्‍याउने २ जना कर्मचारीले समेत रु. १००० (एक हजार) का दरले १५ प्रतिशत कर कट्टी गरि भत्ता प्राप्त गर्नेछन ।

तर सुरक्षाकर्मीको व्यवस्था गरिएको भए ३ जनासम्म सुरक्षा कर्मीले दैनिक रु. ५०० का दरले खाना र खाजा खर्च पाउने छन ।

५. **वडा समितीको वैठक भत्ता सम्वन्धी व्यवस्था :** (क) वडा समितिको वैठकमा उपस्थित वडा समितीका सदस्यहरुले प्रत्येक वडा समितिको वैठकमा प्रति वैठक रु. १००० (एक हजार) का दरले वैठक भत्ता पाउने छन । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ । यसमा वडा समितिको वैठकमा सचिवको भूमिका निर्वाह गर्ने वडा सचिव समेत समावेश हुनेछन् ।

(ख) वडा समितिको सदस्य बाहेक वडा समितीको वैठक संचालनमा सहयोग पुर्‍याउने २ जना कर्मचारीले समेत रु. ५०० (पाँचसय) का दरले १५ प्रतिशत कर कट्टी गरि भत्ता प्राप्त गर्नेछन ।

तर सुरक्षाकर्मीको व्यवस्था गरिएको भए ३ जनासम्म सुरक्षा कर्मीले दैनिक रु. ३०० का दरले खाना र खाजा खर्च पाउने छन ।

(ग) प्रति महिना वढीमा तीन पटकसम्मको लागि वडा समितीको वैठकमा भत्ताको व्यवस्था हुनेछ ।

६. **विषयगत समितीहरुको वैठक भत्ता सम्वन्धी व्यवस्था :** (क) विषयगत समितिहरुको वैठकमा उपस्थित सदस्यहरुले प्रत्येक विषयगत समितिहरुको वैठकमा प्रति वैठक रु. १००० (एक हजार) का दरले वैठक भत्ता पाउने छन । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ ।



नगरपालिकाको कार्यालय
नलगाड नगरपालिकाको कार्यपालिकाको
दल्ली, जाजरकोट
६ नं. प्रदेश, नेपाल
२०७३

(ख) विषयगत समितिहरुको सदस्य वाहेक विषयगत समितीहरुको वैठक संचालनमा सहयोग पुर्‍याउने १ जना कर्मचारीले समेत रु. १००० (एक हजार) का दरले १५ प्रतिशत कर कट्टी गरि भत्ता प्राप्त गर्नेछन ।

(ग) प्रति महिना वढीमा दुई पटकसम्मको लागि विषयगत समितीहरुको वैठकको लागि भत्ताको व्यवस्था हुनेछ ।

७. **न्यायिक समितीको भत्ता सम्वन्धी व्यवस्था :** (क) न्यायिक समितिको वैठकमा उपस्थित प्रत्येक न्यायिक समितिका सदस्यहरुले प्रतिमुद्धा फैसला वापत जनही रु. १५०० (एक हजार पाँचसय) का दरले भत्ता पाउने छन । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ । न्यायिक समितिको वैठकमा सहयोगीको रुपमा भूमिका निर्वाह गर्ने कर्मचारी समेत यसमा समावेश हुनेछन् ।

(ख) वडा समितिको सदस्यहरुले मुद्धाको मेलमिलाप गराए वापत प्रति मुद्धा एकमुष्ट रु.१००० (एक हजार) का दरले भत्ता पाउने छन ।

तर न्यायिक समितिले वडा समितिलाई केही मुद्धाहरुको मेलमिलाप गराउने गरि अधिकार प्रत्यायोजन गरेको अवस्थामा मात्र उक्त रकम उपलब्ध गराईनेछ ।

(ग) प्रति महिना वढीमा तीन पटकसम्मका लागि वडा समितीको सदस्यहरुलाई मुद्धाको मेलमिलाप गराए वापत भत्ताको व्यवस्था हुनेछ ।

८. **बजेट निर्माण सम्वन्धी समितिहरुको वैठक भत्ता सम्वन्धी व्यवस्था :** (क) बजेट निर्माण सम्वन्धी समितिहरुको वैठकमा उपस्थित सदस्यहरुले प्रत्येक वैठकमा प्रति वैठक रु. १००० (एक हजार) का दरले वैठक भत्ता पाउने छन । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ ।

(ख) बजेट निर्माणमा खटिएका प्रमुख प्रशासकीय अधिकृत, राजश्व र लेखा शाखा प्रमुखलाई प्रोत्साहन भत्ता वापत एक महिनाको तलव स्केल बरावर रकम उपलब्ध गराईने छ ।

९. **नगर सभा/नगर कार्यपालिका अर्न्तगत समितिहरुको वैठक भत्ता सम्वन्धी व्यवस्था :** (क) नगर सभा/नगर कार्यपालिका अर्न्तगतका समितिहरुको वैठकमा उपस्थित सदस्यहरुले प्रति वैठक रु. १००० (एक हजार) का दरले वैठक भत्ता पाउने छन ।

(ख) प्रति महिना बढीमा दुई पटकसम्मका लागि नगर सभा/नगर कार्यपालिका अर्न्तगतका समितिहरुको वैठकमा भत्ताको व्यवस्था हुनेछ ।



नलगाड नगरपालिका नगरपालिकाको कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट ६ नं. प्रदेश, नेपाल २०७३

१०. **भ्रमण खर्च सम्वन्धी व्यवस्था :** (क) नगरपालिकाको कामकाज प्रयोजनको लागि नगर प्रमुखलाई भ्रमण खर्च नियमावली २०६४ वमोजिम प्रथम तहले प्राप्त गर्ने भ्रमण खर्च उपलव्ध गराईने छ। नगर उप-प्रमुख, वडा अध्यक्ष र नगर कार्यपालिका सदस्यलाई सोहि नियमावली वमोजिम द्धितिय तहले प्राप्त गर्ने भ्रमण खर्च उपलव्ध गराईने छ र वडा सदस्यलाई सोहि नियमावली वमोजिम तृतिय तहले पाउने भ्रमण खर्च उपलव्ध गराईने छ।

(ख) भ्रमण (कोष, दुरि, कि.मी.) लाई आधार मानेर भ्रमण खर्च नियमावली २०६४ वमोजिम भ्रमण खर्च उपलव्ध हुनेछ।

तर गोष्ठी, सेमिनार, तालिम आदिमा आयोजक संघ संस्थाले भ्रमण खर्च वेर्होने भनी उल्लेख भई आएमा नगरपालिकावाट भ्रमण खर्च भुक्तानी हुनेछैन।

(ग) नगर उप-प्रमुख, वडा अध्यक्ष, वडा सदस्य र नगर कार्यपालिका सदस्यको काज नगर प्रमुखवाट स्वीकृत हुनेछ। प्रमुख प्रशासकिय अधिकृत सम्वन्धित जिल्ला भन्दा वाहिर काजमा जानु परेमा नगर प्रमुखबाट काज स्वीकृत गराउनु पर्नेछ।

तर सम्वन्धित जिल्ला भित्रको काज प्रमुख प्रशासकीय अधिकृत आफैले स्वीकृत गर्नेछ।

(घ) नगरपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीको काज स्वीकृत प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ।

(ङ) भ्रमण आदेशको ढाँचा भ्रमण खर्च नियमावली, २०६४ तथा यस निर्देशिकाको अनुसूची १ र भ्रमण खर्चको दर भ्रमण खर्च नियमावली २०६४ तथा यस निर्देशिकाको अनुसूची २ वमोजिम हुनेछ।

११. **आयोजनाहरुको अनुगमन खर्च सम्वन्धी व्यवस्था :** (क) नगरपालिकाबाट संचालित आयोजना/योजना/कार्यक्रमहरु अनुगमन गर्दा पदाधिकारी तथा कर्मचारीलाई आयोजना व्यवस्थापन खर्च (कन्टिन्जेसी) वा अनुगमन मूल्यांकन खर्चबाट भ्रमण खर्च नियमावली २०६४ वमोजिम अनुगमन मूल्यांकन खर्च उपलव्ध गराईने छ।

तर भ्रमण खर्च नियमावली २०६४ अनुसार अनुगमन भ्रमण खर्च उपलव्ध नहुने ठाउँ वा स्थानमा खाजा खाना खर्च वापत प्रति दिन एकमुष्ट रु. १००० (एक हजार) का दरले अनुगमन खर्च उपलव्ध गराईने छ।

नगरपालिका कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
६ नं. प्रदेश, नेपाल
२०७३

१२. **वैठकको चिया, खाजा र खाना सम्वन्धी व्यवस्था :** (क) माथि उल्लेख गरिएका वैठकहरुमा सहभागी पदाधिकारीहरु तथा सहयोगी कर्मचारीलाई प्रति वैठक रु. १५० (एकसय पचास) ले नवढ्ने गरी चिया र खाजाको व्यवस्था हुनेछ ।

तर नगर सभा तथा नगर कार्यपालिकाको वैठकमा उपस्थित पदाधिकारीलाई र सहयोगी कर्मचारीलाई प्रति दिन रु. ३०० (तीनसय) सम्मको खाना खर्च उपलव्ध गराईने छ तर उक्त रकम नगदमा भुक्तानी दिईने छैन ।

## परिच्छेद-३

## विविध

१३. **वैठक/तालिम/भत्ता खर्च सम्वन्धी अन्य व्यवस्था :** (क) माथि परिच्छेद २ मा उल्लेख भएका वाहेकका अन्य खर्चहरु अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७४ र नेपाल सरकार प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. **यसै बमोजिम भएको मानिने** : (क) यो निर्देशिका कार्यान्वयन हुनभन्दा अगाडि उपलव्ध गराईएको वैठक भत्ता तथा अन्य सेवा सुविधा यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

१५. **परिमार्जन तथा संशोधन :** यस निर्देशिकालाई आवश्यकता अनुसार नगर कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

नलगाड नगरपालिका नगरपालिका कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट ६ नं. प्रदेश, नेपाल २०७३

## अनुसूची-[illegible]

**(दफा ८ को उपदफा ङ सँग सम्बन्धित)**

त्रिवेणी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खगेनकोट, जाजरकोट

प्रदेश नं. ६, नेपाल

## भ्रमण आदेश

संख्या :...............

मिति :...............

१. भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीको नाम :

२. पद :

३. कार्यालय :

४. भ्रमण गर्ने स्थान :

५. भ्रमणको उद्धेश्य :

६. भ्रमण गर्ने अवधि :..........................................देखि..........................................सम्म

७. भ्रमण गर्ने साधन :

८. भ्रमणको निमित्त माग गरेको पेश्की :

९. भ्रमण सम्वन्धी अन्य आवश्यक कुरा :

..............................

भ्रमण स्वीकृत गर्ने पदाधिकारी

मिति :

**(आर्थिक प्रशासन शाखाको प्रयोजनको लागि)**

**भ्रमण खर्च**

वजेट नं.............................बाट नगद/चेक नं...................................रु.........................................

अक्षरेपी........................................................................................................दिईएको छ ।

बुझिलिनेको सही..........................          ..........................

नाम थर :          ( आर्थिक प्रशासन शाखा)

मिति :          मिति :

(दफा ८ को उपदफा.ङ संग सम्वन्धित)

दैनिक भ्रमण भत्ता दर

| क.स. | तह | पाउने रकम(रुपैयाँ) |
|---|---|---|
| १. | अति विशिष्ट तह | ३०००।० |
| २. | विशिष्ट तह | २५००।० |
| ३. | प्रथम तह | २०००।० |
| ४. | द्धितिय तह | १६००।० |
| ५. | तृतिय तह | १२००।० |
| ६. | चतुर्थ तह | १०००।० |

आज्ञाले

सुरेन्द्र सिंह

निमित्त प्रमुख प्रशासकीय अधिकृत